**राजस्व न्यायाधिकरण, काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बरबहादुर कार्की**

**फैसला**

२०७५।०७६ सालको निर्णय नं. ४५

पुनरावेदन नं.-०७४-RB-००७१

**मुद्दाः- बढी भन्सार मूल्यांकन ।**

संजिवनी पोलिमर्स प्रा.लि. (स्थायी लेखा नं.३०२०५६९९२) को तर्फबाट अधिकार प्राप्त संचालक संजय सुरेका --------------------------------१ } पुनरावेदक

**विरुद्ध**

विरगंज भन्सार कार्यालय, पर्सा -------------------------------------१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु

| | |
|---|---|
| पुनरावेदकका तर्फबाटः | विद्वान अधिवक्ता श्री हरिशचन्द्र सुवेदी |
| प्रत्यर्थी कार्यालयको तर्फबाटः | विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्साल |
| अविलम्वित नजिरः | x |

विरगंज भन्सार कार्यालय, पर्साले PT. Universal Carpet & Rugs, बाट आयात गरी ल्याएको Synthetic Carpet पैठारी विजक नं. 193/UCR/V/2014, प्रज्ञापन पत्र नं. M85592 LC No. 007LCIFS 14-0069 को बिजक मूल्य युएस डलर २.१५ SQM कायम गरी आयात गरिएकोमा प्रत्यर्थी कार्यालयले प्रति वर्गमिटर २.७६ कायम गरी

प्रज्ञापनपत्रमा उल्लेख गरेकोमा चित्त नबुझी मूल्यांकन पुनरावलोकन समिति समक्ष पुनरावलोकनको लागी निवेदन गरेकोमा कार्यालयको निर्णय सदर गरी गरेको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक संजीवन पोलीमर्स प्रा.लि. को यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाईका लागी आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्धाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. संजिवनी पोलिमर्स प्रा.लि.ले PT. Universal Carpet & Rugs, Indonesia वाट Commercial Invoice नं. 193/UCR/V/2014, प्रज्ञापन पत्र नं. M85592 अनुसार मिति २३/०५/२०१४ मा पैठारी गरेको देखिन्छ ।

२. कम्पनीले विजक अनुसार पैठारी गरी ल्याएको Synthetic Carpet को मूल्य CNF KOL USD 2.76 प्रति वर्ग मिटरको दरले कायम हुने र कारोवार खर्च (विमा तथा अन्य खर्च) रु. १,२२,१६८।००।- समेत कारोवार मूल्य घोषणा गरेको फारम ।

३. विरगंज भन्सार कार्यालयले समरुपको मालवस्तु (Similar Goods) को कायम मूल्य प्रति इकाई CNF KOL USD 2.76 कायम भएकोमा हाल पैठारी हुन आएको मालबस्तु पनि सोही कम्पनीबाट उत्पादित Synthetic Carpet नै भएकोले समरुपको मालवस्तुको मूल्य प्रति इकाई CNF KOL USD 2.76 का दरले मूल्य कायम हुन मनासिव देखि पेश गरेको छु । साथै निजले घोषणा गरेको मूल्यमा भाडा, बिमा तथा अन्य सम्बद्ध खर्च वापत लागेको रु. ५,१६८।०० र कागजात समावेश नगरिएको अनुमानित खर्च रु. १,१७,०००।०० जोडी मूल्य कायम गरिपाउँ भनी निवेदन दिएको देखिएकोले त्यस्तो खर्च वापत सोही ऐनको दफा १३ को उपदफा (४) बमोजिम सोका लागी लाग्न सक्ने अनुमानित खर्च रु. १,२२,१६८।०० जोडी कारोवार मूल्य निर्धारण गरिएको मिति २०७१/०३/१७ को निर्णय ।

४. विरगंज भन्सार कार्यालय, पर्साले मिति २०७१/०३/१७ मा गरेको बढी भन्सार मूल्याकंन तर्फको निर्णयमा चित्त नबुझी संजीवनी पोलिमर्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०३/३० मा मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वरमा पेश गरेको निवेदन ।

५. मूल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वरबाट कार्यालयले निर्धारण गरेको कारोवार मूल्यलाई नै अन्यथा भन्न मिल्ने देखिंदैन भन्दै कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी मिति २०७४/०५/०२ मा गरेको निर्णय ।

६. प्रत्यर्थी कार्यालयको टिप्पणी आदेश र सो आदेशलाई सदर गर्ने गरेको पुनरावलोकन समितिले मिति २०७४।५।२। को निर्णय प्रचलित नेपाल कानून तथा WTO

समेतको मान्यता विरुद्धमा भएकोले सो निर्णयमा भन्सार अधिकृतद्धारा कायम गरेको प्रति उल्टयाई बढी मूल्य राखी कायम गरिएको मूल्य अनुसार SQM USD 2.76 को दरले जम्मा मूल्य USD 28261.68 तथा मालबस्तुको घोषित गरेको प्रति SQM USD 2.15 को दरले जम्मा मूल्य USD 22015.44 मा फरक परेको मूल्य जम्मा 6246.24 को बढी मूल्य राखी कायम गरिएको निर्णयलाई उल्टयाई पुनरावेदकले मूल्यांकन पुनरावलोकन समितिसमक्ष पुनरावेदन गर्दा राखेको धरौटी रकम फिर्ता पाउने निर्णय गरिपाउँ र उत्पादक कम्पनिको विजक मूल्यको आधारमा भन्सार महसूल दर कायम गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदकको यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०५७।५।२६ मा भएको आदेश

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम पेसीसूचिमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरीयो ।

९. पुनराबेदक सञ्जिवनी पोलिमर्श प्रा. लि. सितापाइला काठमाण्डौको तर्फबाट उपस्थिति विद्धान अधिवक्ता हरिशचन्द्र सुवेदीले पैठारीकर्ता फर्मले पैठारी गरी ल्याएको सामान Synthetic Carpet को घोषणा गरेको विजक मूल्य प्रति वर्ग मिटर USD 2.15 भएकोमा कार्यालयले 2.76 कायम गरेको छ । उक्त बस्तुहरु सामान ल्याउने प्रक्रिया अनुसार नै आयात भएको हो । सामानको भुक्तानी बैंक मार्फत भएको छ । सामानको मूल्याङ्कन भन्सार ऐन अन्तर्गत हुनुपर्नेमा सो बमोजिम भएको देखिदैन । करोवार मूल्य (Transaction Value Method) कै आधारमा मूल्य निर्धारण भएको हो । प्रमाणका लागी पेश भएका सवै कागजातहरुले विजक मूल्य 2.15 लाई नै पुष्टी गरिरहेको हुँदा सो मूल्य अन्यथा प्रमाणित नभएको अवस्थामा अर्को मूल्य निर्धारण हुन सक्दैन । MRP पेश नगरेकोलाई आधार बनाउन मिल्दैन । तसर्थ पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम गरी पाउँ भनी बहस गर्नुभयो ।

१०. प्रस्तुत मुद्दामा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सरकारी वकिल श्री नगेन्द्र लम्सालले भन्सार कार्यालयले विजक मूल्य 2.76 कायम गरेको छ । भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) अनुसार

पैठारीकर्ताले आफूले पैठारी गरेको मालबस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी कारोवार मूल्य घोषणा गर्नुपर्छ । समरुपको मालवस्तु (Similar Goods) को आधारमा मूल्य कायम गरेको छ । पहिले पनि पैठारी गरेको सोही मालवस्तुको मूल्य समरुपताको आधारमा भन्सार मूल्य निर्धारण भएको हुँदा सुरुको निर्णय सदर कायम रहनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

११. उपरोक्तानुसारको बहस सुनी पुनराबेदकको पुनराबेदक जिकिर अनुसार पुनराबेदकले इण्डोनेशियाबाट पैठारी गरेका मालवस्तु (Synthetic Carpet) का सम्बन्धमा बिपक्षी बिरगञ्ज भन्सार कार्यालयले निर्धारण गरेको प्रतिस्क्वायर मिटर २।७६ अमेरिकी डलर मूल्य निर्धारण न्यायोचित हो वा पुनराबेदकले जिकिर लिएअनुसार सुरुको निर्णय उल्टी भइ पुनराबेदकले सन् २३/०५/२०१४ मा प्रज्ञापन पत्र नं M85592 बाट घोषणा गरेको प्रतिस्क्वायर मिटर २।१५ अमेरिकी डलर मूल्य नै कायम हुनुपर्ने हो ?भन्ने सम्बन्धमा हेरी निर्णय दिनुपर्ने देखियो ।

१२. निर्णयतर्फ विचार गर्दा पैठारीकर्ता श्री संजिवनी पोलिमर्स प्रा.लि. काठमाडौंले घोषणा गरेको Synthetic Carpet को मूल्य न्यून देखिएकोले थप कागजात पेश गर्न कार्यालयको च.नं. २७३ मिति २०७१।३।१६ को पत्रद्वारा भनिएकोमा उक्त फर्मको तर्फबाट मिति २०७१।३।१७ मा प्राप्त जवाफ चित्त बुझ्दो नभएकाले विभिन्न सूचनाहरुबाट पाप्त सोही प्रकृतिको समरुपको मालबस्तुको कारोबार मूल्यको आधारमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम उपरोक्त पैठारी हुन आएको मालबस्तु Synthetic Carpet को USD/SQM २.७६ मूल्य कायम गरी जाँचपास भएको व्यहोरा कार्यालयबाट प्राप्त कागजातमा उल्लेख भएको देखिन्छ ।

१३. पैठारी हुने मालबस्तुको मूल्य भन्सार ऐन, २०६४ को परिच्छेद ५ को भन्सार मूल्य निर्धारण सम्बन्धि व्यवस्थाको दफा १३ मा तोकिएका विधि र प्रक्रियाका आधारमा गर्नुपर्ने हुन्छ । सो अनुरुप सर्वप्रथम दफा १३(२) अनुरुप कारोबार मूल्य (Transaction Value Method) को आधारमा भन्सार मूल्य निर्धारण गर्नुपर्ने र उक्त दफा बमोजिम मूल्य निर्धारण हुन नसकेमा उपदफा ८, ९, १०, ११ र १२ बमोजिम क्रमशः समरुपको मालबस्तु (Identical Goods) को कारोबार मूल्यको आधारमा, मिल्दोजुल्दो मालबस्तु (Similar Goods) को कारोबार मूल्यको आधारमा, घटाउपद्धति (Deductive Value Method) को आधारमा, गणना पद्धति (Computed Value Method) को आधारमा र मनासिव आधार (Fallbck Method) मा मूल्य कायम

गर्नुपर्ने व्यवस्था रहेको छ । साथै उपदफा १० भन्दा पहिले उपदफा ११ को प्रक्रिया अनुसार मूल्य निर्धारण गर्न पैठारीकर्ताले अनुरोध गरेमा भन्सार अधिकृतले सो बमोजिम मूल्य निर्धारण गर्न सक्ने व्यवस्था समेत भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १३ मा रहेको छ ।

१४. प्रस्तुत पैठारीकर्ताले पैठारी गर्दा पेश गरेको संलग्न कागजातहरु, पैठारीकर्तालाई मूल्य पुष्ट्याई गर्न समितिको च.नं. ०४ मिति २०७१।४।४ को पत्रबाट माग भएका कागजात तथा प्रमाण एवं कार्यालयबाट मूल्य निर्धारणको क्रममा लिएको आधारहरु अध्ययन एवं विश्लेषण गर्दा Synthetic Carpet बैंकिङ्ग प्रकृया पुरा गरी उत्पादक कम्पनीबाटै पैठारी भएको देखिएको भएतापनि विल मूल्य यथार्थ हो भन्ने ठोस आधार तथा प्रमाण पेश हुन नआएकाले पैठारीकर्ताको जिकिरलाई यथार्थ मान्न सकिने अवस्था देखिदैन । विभिन्न सूचनाहरुबाट प्राप्त कारोबार मुल्य, राष्ट्रिय अन्तराष्ट्रिय बजार मूल्य तथा भन्सार कार्यालयबाट अगाडी पनि सोही प्रकृतिको सामानको निर्धारण भएको कारोबार मूल्य समेतका आधारमा विरगंज भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम कायम भएको मूल्यलाई निर्णयको आधारको रुपमा लिएको देखिन आउँछ ।

१५. प्रस्तुत विषयमा श्री संजिवनी पोलिमर्स प्रा.लि. काठमाडौंले पैठारी गरेको उपरोक्त १०० Percent Synthetic Carpet बैंक मार्फत भुक्तानी प्रकृया पूरा गरी पैठारी गरेको देखिएता पनि मूल्यांकन पुनरावलोकन समितिको च.नं. ४ मिति २०७१।४।४ को पत्रबाट माग भएको मूल्य पुष्टि गर्ने खरीद विक्री सम्झौता वा Mail Correspondence, विक्री स्थलमा राखिएको मूल्य सूचना, विक्रेता कम्पनीको आधिकारिक विक्री मूल्य सूची र अधिकतम् खुद्रा विक्रीमूल्य अंकित भएको मालबस्तुको लेवल पेश गर्न भनिएकोमा मूल्य खुल्ने उल्लेखित कुनै पनि कागजात पेश गर्न सकेको देखिंदैन । पैठारी भएका माल बस्तुको विवादित मूल्य यकिन गर्न आवश्यक पर्ने प्रमाणको अभावमा मूल्यांकन पुनरावलोकन समितिले शुरु निर्णयलाई नै समर्थन गरेको पाइन्छ । भन्सार ऐन २०६४ को दफा १३ (६) बमोजिम थप कागजात प्रमाण माग भए पछि पेश गर्नु पर्ने कर्तव्य पैठारीकर्ताको हुन आउँछ । पैठारीकर्ताले शुरु कार्यालय र मूल्यांकन पुनरावलोकन समितिले माग गरेका कागजात प्रमाण पेश गर्न सकेको देखिदैन । माग भएको प्रमाण पेश नभएको अवस्थामा पैठारीकर्ताले पेश गरेको विजक मूल्यलाई यथार्थ मान्न नसकिने वीरगंज भन्सार कार्यालय र मूल्यांकन पुनरावलोकन समितिले भन्सार ऐन, २०६४ को दफा १३(९) बमोजिम निर्धारण

गरेको कारोबार मूल्यलाई अन्यथा भनी मान्न मिल्ने देखिदैन । यसर्थ, वीरगंज भन्सार कार्यालयबाट प्रस्तुत पैठारीकर्ताले पैठारी गरी ल्याएको १०० Percent Synthetic Carpet को कायम मूल्य २।७६ USD/SQM कानून सम्मत नै देखिन आयो ।

१६. अतः माथि बिबेचित आधारमा पुनरावेदक करदाता संजिवनी पोलिमर्स प्रा.लि. को बढी भन्सार महसूल निर्धारणको सम्बन्धमा बिरगञ्ज भन्सार कार्यालय, पर्साबाट मिति २०७१/०३/१७ मा भएको निर्णयलाई समर्थन गर्ने गरी मूल्यांकन पुनराबलोकन समितिको मिति २०७४।५।०२ को निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनराबेदन जिकिर पुग्न सक्दैन ।

१७. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिई, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू ।

जीवनकुमार घिमिरे
(राजश्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री सीता अधिकारी

इतिसम्बत २०७५ साल मंसिर २७ गते रोज ५ शुभम.... ........... ........... ..........